मा.मन्त्रीबाट स्वीकृत मितिः २०८३/०२/०५

# सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी र सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी दिग्दर्शन, २०८३

**प्रस्तावनाः** सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यहरु नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने सम्बन्धमा सम्बन्धित ऐन तथा नियममा भएका व्यवस्था सोही बमोजिम नै हुने गरी सो प्रक्रियालाई थप स्पष्ट, वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको दिग्दर्शन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस दिग्दर्शनको नाम "सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी र सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी दिग्दर्शन, २०८३" रहेको छ ।

(२) यो दिग्दर्शन मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस दिग्दर्शनमा,–

(क) "कार्यकारी प्रमुख" भन्नाले सार्वजनिक निकायको कार्यकारी प्रमुख भै काम गर्ने अध्यक्ष वा कार्यकारी निर्देशक वा महाप्रवन्धक सम्झनु पर्छ।

(ख) "पदाधिकारी" भन्नाले सार्वजनिक निकायको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य सचिव वा कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध सार्वजनिक निकायहरुमा नियुक्त वा मनोनयन हुने वा तोकिने सदस्य सम्झनु पर्छ।

(ङ) "सम्बन्धित कानून" भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन वा तोक्नु पर्ने सार्वजनिक निकायसँग सम्बन्धित ऐन, नियम र गठन आदेश समेतलाई सम्झनु पर्छ ।

(च) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्बद्ध सार्वजनिक निकाय सम्झनु पर्छ ।

३. **राष्ट्रिय समाचार समितिको महाप्रबन्धक, बोर्डका अध्यक्ष र सञ्चालकहरुको लागि योग्यताः** (१) राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिम मनोनीत हुने

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

सदस्यको हकमा मन्त्रालयका कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत कर्मचारी मनोनीत गर्न सकिनेछ।

(२) राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८ को उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत हुने सञ्चालक सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) तीस वर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) कानून बमोजिम दर्ता भएको सञ्चारमाध्यमको प्रधान सम्पादक, सम्पादक, प्रकाशक, वा व्यवस्थापकको रुपमा काम गरेको वा आमसञ्चार सम्बन्धी प्राज्ञिक वा नीति निर्माण तहमा रही काम गरेको वा साहित्य, पत्रकारिता वा आमसञ्चार क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको,

(घ) कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको र सेवाबाट अवकाशप्राप्त दुबै व्यक्तिको हकमा कम्तीमा अधिकृत स्तर वा सातौं तहको पदमा काम गरेको,

(ङ) पत्रकार आचारसंहिता उल्लंघन अन्तर्गत सजाय नपाएको,

(च) प्रचलित नेपाल कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

(३) राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कर्मचारी मध्येबाट निर्वाचित नभएसम्म सोही दफाको उपदफा (२) बमोजिम सञ्चालक समितिको सदस्य हुन योग्यता पुगेको कुनै पनि व्यक्तिलाई सञ्चालकमा मनोनयन गर्न सकिनेछ।

(४) राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८ को उपदफा (३) बमोजिम तोकिने बोर्डको अध्यक्षको योग्यता देहाय बमोजिम हुनु पर्नेछः–

(क) नेपाली नागरिक,

(ख) तीस बर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(घ) कानून बमोजिम दर्ता भएको सञ्चारमाध्यमको प्रधान सम्पादक, सम्पादक, प्रकाशक, वा व्यवस्थापकको रुपमा काम गरेको वा आमसञ्चार सम्बन्धी प्राज्ञिक वा नीति निर्माण तहमा रही काम गरेको वा पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

(ङ) कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको वा सेवा निवृत्त दुवै व्यक्तिको हकमा कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा दशौं तहमा काम गरेको,

(च) प्रचलित नेपाल कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

(५) राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा १४ को उपदफा (१) बमोजिम नेपाल सरकारले नियुक्ति गर्ने महाप्रबन्धकको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) तीस बर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(घ) कानून बमोजिम दर्ता भएको सञ्चारमाध्यमको प्रधान सम्पादक, सम्पादक, प्रकाशक, वा व्यवस्थापकको रुपमा काम गरेको वा आमसञ्चार सम्बन्धी प्राज्ञिक वा नीति निर्माण तहमा रही काम गरेको वा पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

(ङ) कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको वा सेवा निवृत्त दुवै व्यक्तिको हकमा कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा दशौं तहमा काम गरेको,

(च) प्रचलित नेपाल कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

४. **गोरखापत्र संस्थानको सञ्चालक समितिका महाप्रबन्धक, अध्यक्ष र सञ्चालकहरुको लागि योग्यता** : (१) गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको हकमा मन्त्रालयका कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत कर्मचारी मनोनयन गर्न सकिनेछ।

(२) गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ८ को उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत हुने सञ्चालक सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) तीस बर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) कानून बमोजिम दर्ता भएको सञ्चारमाध्यमको प्रधान सम्पादक, सम्पादक, प्रकाशक, वा व्यवस्थापकको रुपमा काम गरेको वा आमसञ्चार सम्बन्धी प्राज्ञिक वा नीति निर्माण तहमा रही काम गरेको वा साहित्य, पत्रकारिता वा आमसञ्चार क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको,



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

(घ) कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको र सेवाबाट अवकाशप्राप्त दुवै व्यक्तिको हकमा कम्तीमा अधिकृतस्तर वा सातौं तहको पदमा काम गरेको,

(ङ) पत्रकार आचारसंहिता उल्लंघन अन्तर्गत सजाय नपाएको,

(च) प्रचलित नेपाल कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

(३) गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिम निर्वाचित नभएसम्म सोही दफाको उपदफा (२) बमोजिम सञ्चालक समितिको सदस्य हुन योग्यता पुगेको कुनै पनि व्यक्तिलाई सञ्चालकमा मनोनयन गर्न सकिनेछ।

(४) गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ८ को उपदफा (३) बमोजिम तोकिने अध्यक्षको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) तीस बर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(घ) कुनै सञ्चारमाध्यमको प्रधान सम्पादक, सम्पादक, प्रकाशक, वा व्यवस्थापकको रुपमा काम गरेको वा आमसञ्चार सम्बन्धी प्राज्ञिक वा नीति निर्माण तहमा रही काम गरेको वा पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

(ङ) कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको वा सेवा निवृत्त दुवै व्यक्तिको हकमा कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा दशौं तहमा काम गरेको,

(च) प्रचलित नेपाल कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

(५) गोरखापत्र संस्थान ऐन, २०१९ को दफा १४ को उपदफा (१) बमोजिम नेपाल सरकारले नियुक्ति गर्ने महाप्रबन्धकको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) तीस बर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,



नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

(घ) कुनै सञ्चारमाध्यमको प्रधानसम्पादक, सम्पादक, प्रकाशक, वा व्यवस्थापकको रुपमा काम गरेको वा आम सञ्चार सम्बन्धी प्राज्ञिक वा नीति निर्माण तहमा रही काम गरेको वा पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

(ङ) कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको वा सेवा निवृत्त दुवै व्यक्तिको हकमा कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा दशौं तहमा काम गरेको,

(च) प्रचलित नेपाल कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

५. <u>प्रेस काउन्सिलका अध्यक्ष तथा सदस्यको लागि योग्यता</u> : (१) प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्षको हकमा सोही दफामा उल्लिखित योग्यताको अतिरिक्त देहाय बमोजिमको योग्यता हुनु पर्नेछः–

(क) नेपाली नागरिक,

(ख) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(ग) तीस बर्ष उमेर पूरा भई पैसठ्ठी वर्ष ननाघेको,

(घ) वरिष्ठ अधिवक्ताको हकमा सोको प्रमाणपत्र प्राप्त गरेको,

(ङ) पत्रकारिताको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएको व्यक्तिको हकमा कम्तीमा पन्ध्र वर्ष काम गरेको र पत्रकार आचारसंहिता उल्लङ्घन अन्तर्गत सजाय नपाएको,

(च) प्रचलित कानून बमोजिम मनोनीत हुन अयोग्य नठहरिएको ।

(२) प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिम मनोनीत हुने सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) तीस बर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) कुनै पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाईन सञ्चार माध्यममा पत्रकार, सम्पादक, प्रकाशक, सम्बाददाता, समाचारवाचक, कार्यक्रम निर्देशक वा स्तम्भ लेखकको रुपमा कम्तीमा सात वर्ष कार्य गरेको,

(घ) पत्रकार आचारसंहिता उल्लंघन अन्तर्गत सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम मनोनित हुन अयोग्य नठहरिएको ।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

(३) प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको हकमा उपदफा (२) मा उल्लिखित योग्यताको अतिरिक्त कानून बमोजिम दर्ता भएका साहित्यिक पत्रकारितासँग सम्बन्धित कम्तीमा दुई वटा संस्थाबाट सिफारिस प्राप्त गरेको हुनु पर्नेछ।

६. <u>नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष तथा सदस्यको लागि योग्यता</u>: दूरसञ्चार ऐन, २०५३ को दफा ५ को उपदफा (२) बमोजिम नियुक्ति हुने अध्यक्ष र सदस्यको योग्यता सो ऐनमा उल्लेख गरिएको योग्यताका अतिरिक्त देहाय बमोजिम हुनु पर्नेछ :–

(क) नेपाली नागरिक,

(ख) तीस वर्ष पुरा भई पैसठ्ठी वर्ष ननाघेको,

(ग) नियुक्ति हुनु भन्दा अगाडि कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान आदिमा कार्यरत कर्मचारीको हकमा राजपत्रांकित प्रथम श्रेणी, एघारौं तह वा सो भन्दा माथिल्लो पदमा र कुनै संघ, संस्था वा कम्पनीमा कार्यरत व्यक्तिको हकमा उच्च व्यवस्थापकीय तहमा दूरसञ्चार नियमावली, २०५४ को नियम ३ बमोजिमको अवधि काम गरी अनुभव प्राप्त गरेको,

(घ) प्रचलित नेपाल कानून बमोजिम नियुक्त हुन अयोग्य नठहरिएको ।

७. <u>सार्वजनिक सेवा प्रसारण संस्थाका सञ्चालक समितिका अध्यक्ष र सदस्यको लागि योग्यता</u>: सञ्चालक समितिका अध्यक्ष र सदस्यको लागि योग्यता सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ बमोजिम हुनेछ।

८. <u>सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक र सदस्यको लागि योग्यता</u>: सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक र सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ को दफा ६ को उपदफा (१) को खण्ड (छ) बमोजिम मनोनीत हुने सदस्यको योग्यता सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ बमोजिम हुनेछ।

९. <u>विज्ञापन बोर्डको अध्यक्ष र सदस्यको लागि योग्यता</u>: विज्ञापन बोर्डको अध्यक्ष र विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १४ को उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत हुने सदस्यको योग्यता विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम हुनेछ।

१०. <u>चलचित्र जाँच समिति तथा चलचित्र विकास वोर्डका अध्यक्ष तथा सदस्यको लागि योग्यता</u> : (१) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम १६ को उपनियम (१) को खण्ड (घ) र उपनियम (२) को खण्ड (ग) बमोजिम तोकिने चलचित्र जाँच समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ:-

(क) नेपाली नागरिक,

(ख) तीस वर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,



नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

(ग) १०+२ वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन, चलचित्र कलाकारिता, अभिनय, निर्माण, वितरण, प्रदर्शन वा चलचित्र पत्रकारिताको क्षेत्रमा कम्तीमा सात बर्ष कार्य गरेको ।

(२) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २१ को उपनियम (१) को खण्ड (क) बमोजिम मनोनीत हुने चलचित्र विकास बोर्डका अध्यक्षको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) तीस बर्ष पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) कुनै बिषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्धनमा निरन्तर रुपमा कम्तीमा दश वर्ष कार्य गरेको।

(३) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २१ को उपनियम (१) को खण्ड (च) बमोजिम मनोनीत हुने चलचित्र विकास बोर्डको सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) तीस बर्ष पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(ग) १०+२ वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन, चलचित्र कलाकारिता, अभिनय, निर्माण, वितरण, प्रदर्शन वा चलचित्र पत्रकारिताको क्षेत्रमा कम्तीमा सात बर्ष कार्य गरेको ।

११. **सेवामा रहेका कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्थाः** कुनै सार्वजनिक निकायको सेवामा रहेका कर्मचारी दफा २ को खण्ड (ग) बमोजिमको पदाधिकारीको पदमा मनोनित वा नियुक्ति भएमा निजले साविकको पदबाट राजिनामा दिई स्वीकृत भएको हुनु पर्नेछ।

१२. **नियुक्तिको लागि अयोग्यता** : देहायको व्यक्ति पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागूऔषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,



नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय

लक्ष्मी कुमारी बस्नेत
सचिव

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) सम्बन्धित निकायको कुनै काम कामकारबाहीमा व्यावसायिक स्वार्थ भएको,

(च) मानसिक सन्तुलन ठीक नभएको ।

१३. <u>नियुक्ति वा मनोनयनको प्रकृया निर्धारण गर्ने</u>ः (१) सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयन सम्बन्धी प्रकृया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी प्रमुखको हकमा मन्त्रालयले कार्यविधि बनाई प्रतिष्पर्धाको आधारमा नियुक्ति वा मनोनयनको सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यकारी प्रमुख बाहेक अन्य पदाधिकारीको मनोनयन गर्दा वा तोक्दा मन्त्रालयले कार्यविधि बनाई उपयुक्त खुल्ला प्रक्रिया अवलम्बन गर्न सक्नेछ।

१४. <u>कार्यसम्पादन करार गर्नुपर्ने</u>: (१) कार्यकारी प्रमुखले निज नियुक्ति वा मनोनयन भएको मितिले तीस दिनभित्र मन्त्रालयसँग कार्यसम्पादन करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) कार्यकारी प्रमुखले पूरा गर्नु पर्ने कामको विवरण,

(ख) निजले पेश गरेको व्यावसायिक योजना,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन सूचक र सोको मूल्याङ्कनको संयन्त्र,

(ङ) निजले प्राप्त गर्ने पारिश्रमिक र सुविधा,

(च) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्य सम्पादन भए नभएको विषयमा मन्त्रालयले प्रत्येक छ महिनामा मूल्याङ्कन गर्नेछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

१५. <u>दिग्दर्शन लागू नहुने</u>ः यस दिग्दर्शनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयवाट सार्वजनिक निकायमा प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्य वा अन्य निकाय वा संस्थावाट प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्यको हकमा यो दिग्दर्शन लागू हुने छैन ।

१६. <u>दोहोरो सुविधा लिन नहुने</u>: यस दिग्दर्शन बमोजिम नियुक्त वा मनोनयन भएका पूर्णकालिन पदाधिकारी वा सदस्यले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको भए निवृत्तिभरण वा तलब मध्ये कुनै एक मात्र लिन पाउनेछ ।

१७. <u>प्रचलित कानून मान्य हुने</u>: यस दिग्दर्शनमा उल्लेख भएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था मान्य हुनेछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव